जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४४ पृष्ठ: ४ **२०८३ असोज १२ सोमबार** (Monday 28 Sept. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

वर्षा र बाढीको प्रभाव : सिराहाका विभिन्न तटीय क्षेत्रमा सशस्त्र प्रहरी परिचालन



मणिलाल विश्वकर्मा

लहान, ११ असोज। बंगालको खाडीमा बनेको न्यूनचापीय प्रणाली र पश्चिमी वायुको प्रभावको कारणले पछिल्लो तीन दिनदेखि परेको लगातारको वर्षासँगै यस जिल्ला हुँदै बग्ने खोला तथा नदीमा पानीको बहाब बढेपछि तटीय क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिएको छ।

विभिन्न ठाउँमा भइरहेको भारी वर्षासँगै स्थानीय खोला तथा नदीमा पानीको बहाब बढ्न थालेपछि जिल्लाका ६ ठाउँका तटीय क्षेत्रमा विपत् व्यवस्थापनको सामग्रीसहित सशस्त्र प्रहरी परिचालन गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

उनका अनुसार शुक्रबारदेखि नै कमला नदीको तटीय क्षेत्रमा पर्ने बन्दीपुर, कल्याणपुर नगरपालिकाको चिकना, सिराहा नगरपालिका-६ बसबिट्टा, १७ माडर र बलान नदीको तटीय भू-भाग लहान नगरपालिका-१० खुट्टी र भगवानपुर गाउँपालिका-४ भगवानपुरमा करिब ८० जना सशस्त्र प्रहरी परिचालन गरिएको हो ।

'जोखिमको स्तरअनुसार गणबाट विपत् व्यवस्थापनका सामग्रीसहित सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सुरक्षा टोली परिचालन गरिएको छ,' उनले भने, 'खोला तथा नदीमा लगातार पानीको सतह बढिरहेकाले मानवीय र भौतिक क्षति हुन नदिन सशस्त्र प्रहरी माइकिङसहित सर्वसाधारणलाई घरबाहिर ननिस्किन आग्रह गर्दै उच्च सतर्कतासहित तटीय क्षेत्रमा खटिरहेको छ।'

लगतारको वर्षा र बाढीले मानवीय र भौतिक क्षति नभए पनि शुक्रबार हावाहुरीले नरहा, विष्णुपुर, गोलबजारलगायतका ठाउँका किसानले लगाएको उखु ढलेर क्षति पुगेको थियो। जिल्ला प्रशासन

–बाँकी दुई पेजमा

पर्सामा वृद्ध महिलाको हत्या, तीन जना पक्राउ

वीरगञ्ज, ११ असोज। पर्साको धोबनीमा चोरी गरी वृद्ध महिलाको हत्या गर्ने तीन जना पक्राउ परेका छन्। धोबनी गाउँपालिकाको वडा नम्बर ५ स्थितको एक घरमा चोरी गरी ६२ वर्षीया महिलाको हत्या गर्ने तीन जनालाई प्रहरीले आइतबार पक्राउ गरेको छ। ७ दिन अगाडि उक्त घरमा भएको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले धोबनी गाउँपालिका ५ निवासी चन्दन कुमार, राजकपुर बैठा र रामु पासवानलाई प्रहरीले पक्राउ गरेको छ।

चोरी गर्दाको बखत मृतक महिलाले भेउ पाएपछि तीनै जना मिलेर हत्या गरेको प्रहरीले जानकारी दिएको छ। गएको ५ गते धोबनी गाउँपालिका निवासी श्रीनिवास साह तुरहाको घरमा तीनै जनाले चोरी गरेका थिए। ताल्चा फुटाइ चोरी गरेको आवाज सुनेपछि घरको दोस्रो तल्लामा जान लागेकी ६२ वर्षीय लखरजिया देवीको हत्या गरेको उनीहरुले प्रहरीमा स्वीकारेका छन्।

लागु औषध गाँजा सेवन गरी हत्या गरेको तीनैजनाले प्रहरीमा बयान गरेको पर्सा प्रहरी प्रवक्ता डिएसपी चक्रबहादुर मल्लले बताए। पक्राउ परेका तीनै जनाको साथबाट चोरी गरिएका पैसा तथा

–बाँकी तीन पेजमा

हावाहुरीसहितको वर्षाले उखुखेतीमा क्षति

मणिलाल विश्वकर्मा

लहान, १० असोज। बंगालको खाडीमा बनेको न्यूनचापीय प्रणाली र पश्चिमी वायुको प्रभावका कारण पछिल्लो दुई दिन परेको वर्षासँगैको हावाहुरीले नगदेबालीका रूपमा गरिने उखु खेतीमा क्षति पुगेको किसानहरूले गुनासो गरेका छन्।

सिराहाको नरहा गाउँपालिका-१, देवीपुर तिलासी गाउँका किसान रामखेलाउन यादवले आफूले लगाएको एक बिघा एक कट्ठा उखु वर्षा र हावाहुरीले ढलेर क्षति भएको बताए। 'मलखाद, बिउ, खनजोत र मजदुर गरी उखु खेती गर्न प्रतिकट्ठा करिब आठ हजार रुपैयाँ खर्च हुन्छ,' उनले भने, 'त्यति लगानीमा रोपेको उखु हुर्किसकेका वेला ढलेपछि आर्थिक रूपमा मर्का परेको छ।'



खेतीमा गरेको लगानी डुब्ने जोखिम

गोलबजार नगरपालिका-५ की सकुन्तला यादवको अवस्था पनि उस्तै छ। भाडामा लिएको चार बिघा जग्गामा एक दशकभन्दा बढी समयदेखि खेतीपाती गर्दै आएकी उनले यसपटक डेढ बिघामा उखु खेती गरेको सुनाइन्। 'हावाहुरीसँगै परेको वर्षाले उखु खेतमै ढलेको छ,' उनले भनिन्, 'अब उखुको लगानीसमेत उठाउन गाह्रो भएकाले ठुलो आर्थिक संकटको जोखिम छ।'

खेतीपातीका लागि भाडामा लिएको जग्गाको वार्षिक एक लाख रुपैयाँ भाडा तिर्दै आएको सुनाउँदै उनले भनिन्, 'जग्गाको भाडासँगै मल, बिउ, सिँचाइ र मजदुरीमा ठूलो रकम खर्च भयो, तर ढलेको उखुले लगानी

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

स्मार्ट बोर्डसँगै स्मार्ट शिक्षा

सिरहाका १७ वटै स्थानीय तहअन्तर्गतका सामुदायिक विद्यालयमा डिजिटल स्मार्ट बोर्डको प्रयोग विस्तार हुन थालेको विषय स्वागतयोग्य छ। प्रविधिको तीव्र विकास भइरहेको वर्तमान समयमा शिक्षण सिकाइलाई पुरानै शैलीमा सीमित राखेर विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन कठिन छ। त्यसैले सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने प्रयास केवल भौतिक पूर्वाधार थप्ने काम नभई सार्वजनिक शिक्षाको गुणस्तर सुधारतर्फको आवश्यक कदम हो।

पछिल्लो समय सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयतर्फ विद्यार्थी र अभिभावकको आकर्षण बढ्दै गएको छ। यसको एउटा कारण विद्यालयको भौतिक अवस्था, शिक्षण पद्धति र प्रविधिको प्रयोगमा देखिएको अन्तर पनि हो। सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान हुँदैमा यो अन्तर तत्काल समाप्त हुँदैन, तर प्रविधिको पहुँच विस्तारले शिक्षण सिकाइलाई आधुनिक र अन्तरक्रियात्मक बनाउने आधार भने तयार गर्छ।

लहान नगरपालिकाले नगरभित्रका ५९ वटै सामुदायिक विद्यालयमा स्मार्ट डिजिटल बोर्ड विस्तार गर्ने योजना अघि बढाउनु यस दृष्टिले महत्वपूर्ण छ। विशेषगरी नमुना विद्यालयका भवन निर्माणसँगै डिजिटल प्रविधिको प्रयोगलाई जोड दिनु पूर्वाधार विकासलाई शिक्षण सिकाइसँग जोड्ने प्रयास हो। विद्यालयमा राम्रो भवन मात्र बनाएर गुणस्तरीय शिक्षा सम्भव हुँदैन। त्यहाँ दक्ष शिक्षक, पर्याप्त शैक्षिक सामग्री, प्रविधिको पहुँच र विद्यार्थीमैत्री वातावरण पनि आवश्यक हुन्छ।

स्मार्ट बोर्डको प्रयोगले कक्षाकोठालाई थप अन्तरक्रियात्मक बनाउन सक्छ। पाठ्यपुस्तकमा सीमित विषयलाई चित्र, भिडियो, नक्सा, प्रस्तुति र अन्य डिजिटल सामग्रीमार्फत विद्यार्थीलाई बुझाउन सकिन्छ। यसले विशेषगरी जटिल विषयलाई दृश्य माध्यमबाट सिकाउन सहयोग पुऱ्याउँछ। शिक्षकका लागि पनि पाठ प्रस्तुत गर्ने नयाँ माध्यम उपलब्ध हुन्छ। विद्यार्थीले सुन्ने मात्र होइन, हेर्ने, प्रश्न गर्ने र सहभागी हुने अवसर पाएमा सिकाइ थप प्रभावकारी हुन सक्छ। तर यहाँ एउटा महत्वपूर्ण प्रश्न उठ्छ, स्मार्ट बोर्ड जडान भएपछि के सामुदायिक विद्यालय स्वतः स्मार्ट बन्छ? यसको उत्तर सकारात्मक हुन सक्दैन। उपकरण खरिद र जडान शिक्षाको डिजिटल रूपान्तरणको पहिलो चरण मात्र हो। उपकरण प्रयोग गर्न नसक्ने शिक्षक, विद्युत् तथा इन्टरनेटको अस्थिरता, डिजिटल शैक्षिक सामग्रीको अभाव र नियमित मर्मतसम्भार नहुँदा महँगा उपकरण केही समयमै प्रयोगविहीन बन्न सक्छन्। त्यसैले स्मार्ट बोर्डसँगै शिक्षकको क्षमता विकासलाई प्राथमिकता दिनुपर्छ।

प्रविधि आफैं शिक्षकको विकल्प होइन। शिक्षकले प्रविधिलाई कसरी प्रयोग गर्छन् भन्ने कुराले यसको प्रभाव निर्धारण गर्छ। प्रत्येक विद्यालयमा शिक्षकलाई स्मार्ट बोर्ड सञ्चालन, डिजिटल सामग्री निर्माण तथा उपलब्ध सामग्रीको शैक्षिक प्रयोगसम्बन्धी तालिम दिनुपर्छ। एकपटक तालिम दिएर मात्र पुग्दैन, आवश्यकताअनुसार निरन्तर प्राविधिक र शैक्षिक सहयोग उपलब्ध गराउनुपर्छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने ठूलो हिस्सा आर्थिक तथा सामाजिक रूपमा कमजोर परिवारका बालबालिका हुन्। त्यसैले प्रविधिमा उनीहरूको पहुँच विस्तार गर्नु समान शैक्षिक अवसरका दृष्टिले पनि महत्वपूर्ण छ। निजी विद्यालयमा उपलब्ध डिजिटल सुविधाबाट वञ्चित बालबालिकाले सरकारी विद्यालयमै आधुनिक शिक्षण पद्धतिको अनुभव पाउनु सार्वजनिक शिक्षाप्रतिको विश्वास बढाउने माध्यम बन्न सक्छ। प्रविधिको पहुँचले सामाजिक र आर्थिक असमानताबाट उत्पन्न शैक्षिक दूरी घटाउन पनि सहयोग गर्न सक्छ। तर डिजिटल पूर्वाधार विस्तार गर्दा प्राथमिकता र आवश्यकताको सही मूल्याङ्कन हुनुपर्छ। कतिपय विद्यालयमा अझै पर्याप्त कक्षाकोठा, खानेपानी, शौचालय, पुस्तकालय वा सुरक्षित भवनको अभाव हुन सक्छ। यस्तो अवस्थामा स्मार्ट बोर्डलाई मात्र विकासको सूचक बनाउनु उचित हुँदैन। भवन, कक्षाकोठा, शैक्षिक सामग्री, शिक्षक व्यवस्थापन, सरसफाइ र प्रविधिलाई एकीकृत योजनाका रूपमा अघि बढाउनुपर्छ।

स्मार्ट बोर्डको प्रभाव पनि नियमित रूपमा मूल्याङ्कन गर्न आवश्यक छ। कति विद्यालयमा बोर्ड जडान भयो भन्ने तथ्याङ्कभन्दा कति कक्षामा नियमित प्रयोग भयो, विद्यार्थीको सिकाइमा कस्तो परिवर्तन आयो र शिक्षकले त्यसबाट कति लाभ लिए भन्ने प्रश्न महत्वपूर्ण हो। स्थानीय तहले विद्यालयअनुसार प्रयोगको अवस्था अनुगमन गरी आवश्यक सुधार गर्नुपर्छ। सामुदायिक विद्यालय सुधारको बहस अब केवल भवन र डेस्क–बेन्चमा सीमित रहनु हुँदैन। बदलिँदो समयअनुसार पाठ्यक्रम, शिक्षण विधि, शिक्षकको क्षमता र प्रविधिको प्रयोगमा पनि परिवर्तन आवश्यक छ। स्मार्ट बोर्ड त्यस परिवर्तनको एउटा महत्वपूर्ण साधन बन्न सक्छ। तर यसको सफलता उपकरणको संख्याले होइन, कक्षाकोठामा त्यसको सार्थक प्रयोग र विद्यार्थीको सिकाइ उपलब्धिमा आएको सुधारले मापन हुनुपर्छ।

सिरहाका सामुदायिक विद्यालयलाई डिजिटल बनाउने अभियान त्यसैले स्वागतयोग्य सुरुवात हो। अब स्थानीय तह, विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक र शिक्षा क्षेत्रका सरोकारवालाले यसलाई दीर्घकालीन शैक्षिक सुधारसँग जोड्नुपर्छ। स्मार्ट बोर्ड भित्तामा झुन्डिएको उपकरण मात्र नभई स्मार्ट सोच, स्मार्ट शिक्षण र गुणस्तरीय सार्वजनिक शिक्षाको माध्यम बन्न सके मात्र यसको वास्तविक अर्थ स्थापित हुनेछ।

श्राद्ध किन गरिन्छ ?



डा. बद्री पोखेल

आजदेखि सोह्रश्राद्ध (पितृपक्ष) सुरु भएको छ। यतिखेर हिन्दु सनातनीका घरघरमा श्राद्धको तयारी हुन्छ। तर श्राद्ध शास्त्रीय आधारमा गरिन्छ कि परम्पराको निरन्तरताका रूपमा? बाबुले गरेकाले हामीले पनि गर्ने भन्ने मानसिकताभन्दा यसको मर्म बुझ्नु आवश्यक छ। आधुनिक पुस्तामा श्राद्धको औचित्यमाथि प्रश्न उठ्ने गरेको छ। कतिपयले गरिबलाई दान दिनु, बाढीपीडित वा दुःखीलाई सहयोग गर्नु नै वास्तविक श्राद्ध हो भन्ने तर्क गर्छन्। यस्तो तर्क अस्वाभाविक होइन तर विषयलाई शास्त्रीय र सांस्कृतिक दुवै दृष्टिले बुझ्नुपर्छ।

मृत पूर्वजको स्मरण गर्दै दान, परोपकार र धार्मिक अनुष्ठान गर्ने परम्परा संसारका धेरै धर्ममा पाइन्छ। स्मरण गर्ने विधि फरक भए पनि आफ्ना पुर्खाप्रति श्रद्धा व्यक्त गर्ने भावना साझा छ।

श्रद्धा र परम्पराको सम्बन्ध

हरेक समाजले आफ्ना धार्मिक, सांस्कृतिक र पारिवारिक संस्कारलाई निरन्तरता दिन्छ। संस्कृत उक्ति 'शास्त्राद् रुढिर्बलीयसी'को अर्थ हो, धेरै समयदेखि चलिआएको प्रचलन कहिलेकाहीँ शास्त्रभन्दा पनि बलियो हुन्छ। तर कुनै पनि आचरणको आधार आफ्नो आस्था र शास्त्र नै हुनुपर्छ। हिन्दु सनातन परम्परामा श्राद्धको केन्द्रबिन्दु श्रद्धा हो। श्रद्धाविनाको कर्म देखावटी हुन्छ। त्यसबाट न आध्यात्मिक अर्थ प्राप्त हुन्छ न नैतिक सन्तोष। त्यसैले श्राद्धको समर्थन वा विरोध दुवै त्यसको विधि र मर्म नबुझी गर्नु उचित हुँदैन।

हिन्दु शास्त्रमा श्राद्धको स्थान

हिन्दु धर्मशास्त्रले जन्मपूर्वदेखि मृत्युपछिसम्मका सोह्र संस्कारको व्यवस्था गरेको छ। निर्णयसिन्धु मा सूर्य कन्या राशिमा प्रवेश गरेपछि गृहस्थले श्राद्ध नगरे पितृको असन्तुष्टिबाट धन, सन्तान र समृद्धिमा बाधा पर्न सक्ने उल्लेख छ। नेपाली समाजमा प्रचलित उक्ति "देवताले दिन्छन्, पितृले हर्छन्" ले पनि यही विश्वास व्यक्त गर्छ, देवताको पूजामात्र पर्याप्त छैन पूर्वजप्रतिको कर्तव्य पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

श्राद्धमा के गरिन्छ ?

श्राद्धको मूल उद्देश्य पितृस्मरण र तृप्ति हो। यसमा मुख्यतः जलदान, तर्पण, पिण्डदान, ब्राह्मण भोजन, सिदा दान तथा आफन्तसँग सहभोजन गरिन्छ। स्थान, परम्परा र समुदायअनुसार केही विधिगत भिन्नता भए पनि आधारभूत प्रक्रिया समान रहन्छ।

शास्त्रले श्राद्धलाई दुई भागमा विभाजन गरेको छ –

- एकोदिष्ट श्राद्ध दिवंगत व्यक्तिको वार्षिक तिथिमा गरिने।
- पार्वण श्राद्ध पितृपक्ष (सोह्रश्राद्ध) मा गरिने सामूहिक पितृकर्म।
- यसका अतिरिक्त नित्य, काम्य, आभ्युदयिक र सपिण्डी श्राद्धका पनि अलग अलग विधान छन्।

कसका लागि श्राद्ध ?

शास्त्रले पितृलाई दुई समूहमा वर्गीकरण गरेको छ, दिव्य पितृ र स्वपितृ। व्यवहारमा आफ्नो पितृपक्षका तीन पुस्ता र मातृपक्षका तीन पुस्ता गरी छ पुस्ताको स्मरण गरिन्छ। साथै काका, मामा, फुपू, दिदीबहिनी, गुरु, सासुससुरालगायत अन्य दिवंगत आफन्तलाई पनि जल अर्पण गर्ने चलन छ।

शास्त्रीय दृष्टान्त

ब्रह्माण्ड, मत्स्य, गरुड र वराह पुराणमा श्राद्धको महत्त्व विभिन्न प्रसंगबाट वर्णन गरिएको छ। गरुड पुराणले पितृ सन्तुष्ट भए आयु, विद्या, सन्तान र समृद्धि प्राप्त हुने विश्वास व्यक्त गर्छ भने वराह पुराणले असमर्थ व्यक्तिले सामग्री नभए पनि एक अञ्जुली जल अर्पण गरेर श्रद्धा प्रकट गर्न सक्ने बताउँछ। यसले श्राद्धको सार वैभवमा होइन, भावनामा रहेको देखाउँछ।

निष्कर्ष

हिन्दु दर्शन पुनर्जन्म र कर्मफलको सिद्धान्तमा आधारित छ। त्यसैले श्राद्ध मृतकका लागि मात्र होइन जीवित व्यक्तिले आफ्ना पूर्वजप्रति कृतज्ञता, स्मरण र नैतिक उत्तरदायित्व व्यक्त गर्ने संस्कार पनि हो। दान, परोपकार र संस्मरण यसको अभिन्न अंश हुन्। अन्य धर्ममा पनि दिवंगत आफन्तको सम्झनामा प्रार्थना, दान र स्मरण गर्ने परम्परा पाइन्छ। त्यसैले हिन्दु सनातन दृष्टिमा श्राद्धलाई श्रद्धा, संस्कार र शास्त्रीय मर्मको समन्वयका रूपमा बुझ्नु अधिक उपयुक्त हुन्छ। *(जयतु संस्कृतम्का अध्यक्ष, अर्थशास्त्री तथा १८ पुराणका नेपाली अनुवादक)*
बाह्रखरीबाट

वर्षामा सत्यलालका परिवारको विच्चल्लि



सिरहा, ११ असोज। सिरहाको गोलबजार ३, जमदह भागङबारीका स्थानी रुपमा जनमोर्चा नामले परिचित करिब ६० वर्षीय सत्यलाल सदायको परिवार वर्षाका कारण विचल्लिमा परेका छन्। घरको नाममा रहेको छाप्रोसमेत भताभुङ्ग भएकाले उनको परिवार यो वर्षामा विच्चल्लि भएका हुन्।

आफ्नो घर बस्नयोग्य नभएकाले सत्यलाल र उही उमेरका उनकी श्रीमती अमरिका सदा छिमेकीकोमा सरण लिएर बसेका छन्। उनीहरु बस्दै आएको छाप्रो आधा पहिल्यै उज्जडीसकेको छ, बाँकी रहेका भागका भित्ताहरु पनि भत्केको छ। भत्केका भित्ताहरु तन्ना र बर्कोले छोपेको छ। छानामा प्यालहरु परेका छन्। घर ठडिएकै भएपनि 'धराप' जस्तो बनेको छ। त्यहाँ बस्दा कुन बेला भत्केर थिच्ने हो भन्ने त्रासले उनीहरु सुत्न छिमेकको जाने गरेको बताउँछन्।

घाम पानि नै नछेकिने घरमा उनीहरु खाना बनाउने, खाने गरेपनि रात भने बस्न छोडेका छन्। अमरिका सदाले दुःखविसाउँदै भनीन, 'दिनभरी घर कुरेरबस्छौं, बेलुकाको खानापछि छिमेकीकोमा सुत्न जान्छौं। यो झरीमा कतिखेर भत्कने हो, कुनै ठेगान छैन। बुढो र रोगी शरीर जोगाउन छिमेकीको सरण लिन परेको छ।'

उनीहरु दुवै जना रोगी छन्। सत्यलाल पछिल्लो दुई महिनादेखि राम्रोसँग हिडडुल गर्न, बोल्न सक्दैनन, अमेरीकाका दुवै खुट्टाको पैतालामा घाउभएर राम्रोसँग हिड्न पनि सक्दैनन्। कमाईगर्न नसक्ने भएकाले उनीहरुको विहान बेलुकाको छाक टार्न समेत समस्या छ। अमिरिकाले विलौना गर्दै हामीसँगै प्रश्नगरीन्, 'हाम्रो अवस्था यस्तो छ, रोगले थलिएका छौं, विहानी बेलुकाको छाक टार्नसमेत समस्या छ, कसरी घर सखार्ने?'

उनीहरुका एक छोरा र दुई वटा छोरिहरु छन्। छोरीहरुको विवाह भएर भईसकेको छ। २५ वर्षिय छोरा राजे सदाय दुई महिना अघि रोजगारीको लागि भारतको अहमदावाद गएका छन्। 'घरमै हुँदा पनि उनको कमाई राम्रो थिएन, उनको कमाईले उनैलाई ठिक्क हुन्थ्यो,' एक छिमेकीले भने।

उनीहरु घरबार हैन, परीवारकै नागरिक्ता विहिन छन्। सत्य लाल र अमरिकाको नागरिक्ता प्रमाणपत्र नभएकाले उनीहरुका तीन जना सन्तानै नागरिक्ता बन्न सकेको छैन। उनीहरुको नागरिक्ता नभएकाले पनि राज्यबाट पाउने सुविधाबाट बञ्चित हुन पुगेको छ।

सत्यलाल ससुरालीमा आएर बसेकाले उनले आफ्नो जन्मथलोबाट बसाईंसराईको कागज ल्याउन सकेकाले नागरिक्ता बन्न समस्या भएको गोलबजार नगरपालिका वडा नम्वर ३ का वडा अध्यक्ष धनप्रसाद लामाले बताए। उनले भने, 'मैले धेरै पटक प्रयास गरें, उहाँको घरपनि यहि पालिकाको १० नम्वर वडामा हो, त्यहाँबाट यो यो कागज ल्याउन भनें। ल्याउन नसकेकाले नागरिक्ता सिफरिस भएको छैन।'

घर सखार्ने विषयमा पनि वडाबाट कुनै सहयोग नभएको वडा अध्यक्ष लामाले स्वीकार गरे। उनले भने, 'वडाले त्यस्तो सहयोग त गर्न सकेको छैन। तर, मैले उहाँहरुलाई सहुलियत होस् भनेर प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गतको काममा जोडिन अनुरोध गरें, आउनु भएन, पछि पनि सम्पर्कमा आउनु भएन।'

वर्षा र बाढीको...

कार्यालय सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जिल्लाका विभिन्न खोलानालाहरूमा पानीको सतह बढेको भए पनि आइतबार बिहानसम्म कुनै क्षति नभएको जानकारी दिए।

पानीको सतह बढेकाले रातिको समयमा अत्यावश्यक कामबाहेक लामो तथा छोटो दूरीको यात्रा नगर्न, कमला तथा बलानलगायतका नदीका तटीय क्षेत्रमा बसोबास गरिरहेकाहरूलाई विशेष सतर्कता अपनाउन स्थानीय प्रहरी र स्थानीय सरकारसँग समन्वय गरी सूचना प्रवाह गरिरहेको उनले बताए।

Invitation for Quotations

Arnama Rural Municipality

Office of the Rural Municipal Executive
Arnama, Siraha
Madhesh Province ,Nepal

Date of first publication: 2083/06/12

1. The Arnama Rural Municipality invites sealed quotations for the construction of as listed in the table below**.** The estimated amount for the works are as listed in the table below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Arnama Rural Municipality, Siraha, phone no. 9805948344,9852834880, Email: ito.arnamamun@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office Arnama Rural Municipality,Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2083/06/19 ***during office hours***.

Bidders, should deposit the cost of bidding document in the following account
Name of the Bank: Nabil Bank Ltd, Arnama, siraha.
Name of Office: Arnama Rural Municipality
Office Code no. : 80216501300 Office Account no.: 22401017500008
Rajaswa (Revenue) Shirshak no. : 14229

4. Sealed bids must be submitted to the office of Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama, Siraha by *hand* before 12:00 Noon on 2083/06/20. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm** on **2083/06/20** at the office of Arnama Rural Municipality, Office of Rural Municipal Executive, Arnama, Siraha. Bids must be valid for a period of 45 days from the bid submission deadline and must be accompanied by a bid security amount in gas listed in the table below, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 2083/09/04).**if bidder wishes to submit the Cash Security,the cash should be deposited in Deposit Account No. and submit the receipt of the deposited amount of cash along with the bid. Information to deposite the bid amount in Bank:

Name of the Bank: Nabil Bank Ltd, Arnama, siraha.
Name of Office: Arnama Rural Municipality
Office Code no. : 80216501300 DharautiOffice Account no.: 22401017500036

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)

Contract no./ID	***Description of Works***	***Total Estimated Amount (WithVAT+ PS) Nrs.***	***Bid Security Amount (Nrs.)& Validity Period***	***Bid Document Fee (Nrs.)***	***Remarks***
01/WORKS/ ARNRM/SQ /2083-84	Arnama -3 Ashok Gachhi Dekhi Lalpur Mushari samma sadak dhalaan	1939879.61	Nrs. 49,000.00 & 2083/09/04	Rs. 1,000/-	
02/WORKS/ ARNRM/SQ /2083-84	Arnama-3 Ramadhin Mahato Ghar Dekhi Biltu Ghar Hudai Dorako Main Sadak Samma Sadak Dhalan	1939763.62	Nrs. 49,000.00 & 2083/09/04	Rs. 1,000/-	
03/WORKS/ ARNRM/SQ /2083-84	Ward No. 5 Ko Laagi 2Inch Ko Boarding Kharid Tatha Jadan	1938586.33	Nrs. 49,000.00 & 2083/09/04	Rs. 1,000/-	
04/WORKS/ ARNRM/SQ /2083-84	Ward No. 5 Maa Kal Kharid Tatha Jadan Karya	1940893.31	Nrs. 49000 & 2083/09/04	Rs. 1,000/-	
05/WORKS/ ARNRM/SQ /2083-84	Kal Jadan	1935939.96	Nrs. 49000 & 2083/09/04	Rs. 1,000/-	
06/WORKS/ ARNRM/SQ /2083-84	Siraha Arnama Ga.Pa. Ward No.-3 Rajdevi Than Dekhi Manoj Okil Ghar Samma Sadak Dhalan Karya	1939311.18	Nrs. 49,000.00 & 2083/09/04	Rs. 1,000/-	

वीरगञ्जमा अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड' हटाउन सुरु

पर्सा, ११ असोज। वीरगञ्ज महानगरपालिकाले अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड', ब्यानर तथा प्रचार सामग्री हटाउन सुरु गरेको छ। महानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा विद्युत् संरचनाको व्यवस्थापन र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यअनुरुप सार्वजनिक विद्युत्का खम्बा तथा सार्वजनिक स्थानमा नियमविपरीत राखिएका अनधिकृत होर्डिङ बोर्ड, ब्यानर तथा प्रचार सामग्री आजदेखि हटाउन सुरु गरेको हो।

महानगरपालिकाले सार्वजनिक पोल तथा स्थानमा विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन आग्रह गर्दै वीरगञ्जका विभिन्न चोक तथा सडकका विद्युत् खम्बामा जथाभावी टाँगिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका प्रचार सामग्री हटाउने कामको थालनी गरिएको महानगरका हरियाली संयोजक प्रकाश खेतानले जानकारी दिए।

महानगरपालिकाले सञ्चालन गरेको अभियानअन्तर्गत वीरगञ्जका मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका प्रचार सामग्री हटाउने कार्य तीव्र पारिएको उनको भनाइ छ। उनले भने, "महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो, त्यसैले सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन।"

महानगरपालिकाले कुनै पनि अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर तथा अन्य प्रचार सामग्री नराख्नसमेत सम्बन्धित व्यक्ति तथा संस्थालाई अनुरोध गरेको छ। अहिले सडक डिभिजन कार्यालय हेटौँडाले वीरगञ्जको मुख्य सडकलाई आगामी दसैँअघि पूर्ण रूपमा सफा र व्यवस्थित बनाइने उद्देश्यअनुरुप त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गर्ने उद्देश्यअनुसार घरहरु भत्काउने काम सम्पन्न गरेको छ।

लालबकैया नदीमा आएको बाढीले मौलापुरको तटबन्ध जोखिममा

रौतहट, ११ असोज। अविरल वर्षापछि लालबकैया नदीमा आएको बाढीका कारण रौतहटको मौलापुर नगरपालिका-२ मर्यादपुरस्थित तटबन्धमा कटान तीव्र बनाएसँगै आसपासका बस्ती तथा भू-भाग प्रभावित भएको छ। सो नदीमा पानीको बहाव बढेसँगै तटबन्ध आसपासका क्षेत्रमा कटान भइरहेकाले तटबन्ध भत्की नदीको पानी बस्ती तथा खेतीयोग्य जमिनमा पस्नसक्ने जोखिम बढेको छ।

यसैबिच निरन्तरको वर्षासँगै आएको बाढीले स्थानीय जनजीवन प्रभावित भइरहेको अवस्थामा जिल्ला प्रशासन तथा स्थानीय जनप्रतिनिधि सम्मिलित टोलीले आजै जोखिम क्षेत्रको अवलोकन गरी बाढी प्रभावित स्थानीयलाई आश्वस्त रहन अनुरोध गरेको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेल, प्रहरी उपरीक्षक सीताराम रिजालसहित सुरक्षा निकायका अधिकारी तथा मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनादेवी साहलगायत जनप्रतिनिधि सम्मिलित टोलीले तटबन्ध तथा कटान प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी बाढी प्रभावित क्षेत्रको जनतासँग आइतबार छलफल गरिन्।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी पौडेलले मर्यादपुरस्थित लालबकैया नदीको तटबन्ध भत्किएमा मौलापुर, गम्हरिया, बरगिनिया, शीतलपुर, सन्तपुर र पेटभरवासहित आसपासका बस्ती प्रभावित हुनसक्ने भनी सचेत गराउँदै प्रभावित क्षेत्रको सुरक्षा व्यवस्थासहित आवश्यक प्रबन्ध मिलाइने प्रतिबद्धता व्यक्त गरे।

उनले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका टोलीलाई जोखिमयुक्त क्षेत्रमा परिचालन गरी तटबन्धको अवस्था तथा नदीको बहावबारे निरन्तर अनुगमन गर्न निर्देशन दिएको जानकारी दिँदै वर्षाको समयमा सचेत र सजग रहन प्रभावित क्षेत्रका जनतासँग अनुरोध गरे।

यसैगरी जिल्ला प्रशासन कार्यालयले फतुवा पुलनजिक भगवानपुर क्षेत्रमा रहेको तटबन्ध पनि कटानमा परेकाले त्यसबाट प्रभावित आसपासका क्षेत्रसहित सदरमुकाम गौरसम्मका जनतालाई पनि सजकता अपनाउन अनुरोध गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

हावाहुरीसहितको ...

पनि उठ्दैन।' आफ्नै बलबुतामा खेती गर्नुपर्ने बाध्यता रहेका किसानको खेतीपातीमा लागत मूल्य बढेको भए पनि प्रकोपका कारण लागतसमेत उठाउन नसक्दा आर्थिक समस्या पर्ने भएकाले स्थानीय सरकारले हेर्नुपर्ने उनले माग गरिन्।

नरहा-१, तिलासीकी बविताकुमारी यादवले पनि यसपटक रोपेको १५ कट्ठासहित डेढ बिघा उखु ढलेर क्षति भएको सुनाइन्। डेढ बिघा जग्गामा रोपेको उखुको लगानी नै दुई लाख ४० हजार रुपैयाँ भएको जानकारी दिँदै उनले भनिन्, 'करिब चार महिनापछि काट्न तयार हुने उखु ढलेपछि तौल नै नहुने भएकाले लगानी डुब्ने निश्चित छ।'

वर्षा र हावाहुरीका कारण आफूले गरेको १७ कट्ठा उखुखेतीमा क्षति पुगेको तिलासी गाउँका रामबुझाउन यादवले बताए। मौसमको साथ र बेलामा मलखाद तथा सिँचाइ हुँदा प्रतिकट्ठा ३० क्विन्टलसम्म उत्पादन हुने उखु ढलेपछि आधा जति घट्ने हुँदा लगानी उठाउनसमेत समस्या हुने उनले बताए।

नरहाको छिमेकी विष्णुपुर गाउँपालिका-१ का किसान गोपिन्द्र यादवले आफूले लगाएको करिब दुई बिघाको उखु ढलेको बताए। 'लिजमा लिएको करिब तीन बिघा क्षेत्रफलमा उखुखेती गरेको थिएँ,' उनले भने, 'हावाहुरी र वर्षाले उखुको बोट लडेपछि लगानीसमेत नउठ्ने जोखिम छ।'

गाउँनजिकै नरहा गाउँपालिका-३ मा हिमालय सुगर मिल सञ्चालनमा रहेको कारण बिक्रीका लागि सहज हुँदा त्यस क्षेत्रका हरेक गाउँका किसानले १० कट्ठादेखि तीन-चार बिघासम्म उखु खेती गर्दै आएको अगुवा किसानहरू बताउँछन्।

जिल्लाका विभिन्न ठाउँमा गरी तीन हजार पाँच सय ७५ हेक्टर क्षेत्रफलमा उखुखेती हुँदै आएको कृषि ज्ञान केन्द्र सिराहाले जनाएको छ। ज्ञान केन्द्रका अनुसार उक्त क्षेत्रफलमा हरेक वर्ष करिब दुई लाख मेट्रिक टन उखु उत्पादन हुँदै आएको छ । पछिल्लो हावाहुरी र वर्षाले जिल्लाको कुन पालिकामा कति उखु क्षति भयो भन्ने विषयमा सम्बन्धित पालिकाको कृषि शाखासँग समन्वय गरेर मात्र यकिन भन्न सकिने केन्द्रले जनाएको छ।

पर्सामा वृद्ध ...

गरगहनासमेत फेला परेको पर्सा प्रहरीले जनाएको छ। पत्राउ परेकाहरूमाथि कर्तव्य ज्यान सम्बन्धी कसुरमा ७ दिनको म्याद थप भई आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

सोनमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सोनमा, महोत्तरी

मधेश प्रदेश, नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१२ गते

१. यस सोनमा गाउँपालिकाको गाउँसभाबाट पारित तालिम/कार्यक्रम तथा अन्य कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ।

२. मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाहरूले निवेदन पेश गरी तालिम/कार्यक्रमहरूको कार्यक्षेत्र शर्त र प्रस्तावको ढाँचा यस सोनमा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सक्नेछन्।

३. प्रस्तावसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू: कर चुक्ता प्रमाणपत्र (२०८१/८२, २०८२/८३ वा म्याद थप वा नियमानुसार) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, कम्पनी/संस्था दर्ता प्रमाणपत्र, अन्य आवश्यक कागजात

४. सूचनामा स्पष्ट रूपमा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम हुनेछन्।

५. विनियोजन बजेट सम्बन्धित कार्यक्रम/तालिमको कार्यक्षेत्रशर्त बमोजिम हुनेछन्।

६. भुक्तानीका शर्त र कर कट्टी नियमानुसार बमोजिम हुनेछन्।

७. यदि तोकिएको अन्तिम मितिमा प्रस्ताव दर्ता गर्ने वा प्रस्ताव खोल्ने दिन सार्वजनिक विदा परेको अवस्थामा सो कार्य भोलिपल्टको कार्यालय समयभित्र सम्पन्न गरिनेछ।

८. पेश भएका प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

तपसिल

सि. नं.	कार्यक्रमको नाम	कार्यक्रम संचालन हुने स्थान	कार्य क्षेत्र शर्त र प्रस्तावको ढाँचा प्राप्त गर्ने अन्तिम मिति र समय	प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान	प्रस्ताव खोलिने मिति र स्थान
१	सकारात्मक सोच, विकास सम्बन्धी सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम	मितिः२०८३-०६-२६, कार्यालय समयभित्र	मितिः२०८३-०६-२७, दिउँसो १२ बजेसम्म (सोनमा गाउँपालिकाको कार्यालय)	मितिः२०८३-०६-२७, दिउँसो १ बजे (सोनमा गाउँपालिकाको कार्यालय)
२	शिशु स्वास्थ्य सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
३	मानसिक स्वास्थ्य सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
४	अनलाइन ठगीबाट बच्ने सम्बन्धी सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
५	डिजिटल सुरक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रम- अन्तर्गत सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
६	आगलागी नियन्त्रण सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
७	जैविक मल सम्बन्धी कार्यक्रम- अन्तर्गत सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
८	भ्रष्टाचारमुक्त समाज निर्माण सम्बन्धी सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
९	प्रजनन स्वास्थ्य तथा महिनावारी स्वच्छता तालिम- अन्तर्गत सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
१०	सामाजिक सञ्जाल दुरुपयोग सम्बन्धी जनचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
११	विपद जोखिम न्यूनीकरण सम्बन्धी सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
१२	भागी विवाह विरुद्ध जनचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
१३	सुरक्षित सामाजिक सञ्जाल प्रयोग सम्बन्धी सचेतना कार्यक्रम	कार्यक्षेत्र शर्त बमोजिम			
१४	Zen-Z र उ माथि चुनौती सम्बन्धी सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			

-प्रमुख प्रशासकीय अधिकृत

मधेस प्रदेश सरकार पाँच करोडको विलासी गाडी खरिद गर्दै



जनकपुरधाम, ११ असोज। संघीय सरकारको खर्च मितव्ययितासम्बन्धी परिपत्रको भावनाविपरीत मधेस प्रदेश सरकारले मुख्यमन्त्रीका लागि करिब पाँच करोड रुपैयाँ पर्ने विलासी सवारीसाधन खरिद प्रक्रिया अघि बढाएको छ। मुलुकमा आर्थिक तरलता बढेका बेला प्रदेश सरकारले महँगो सवारी खरिद गर्न लागेको भन्दै आलोचना चर्किएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्राचारपछि श्रम तथा यातायात मन्त्रालयले पाँच करोड रुपैयाँसम्मको सवारी खरिदका लागि बोलपत्र आह्वान गरेको हो।

राज्यको आम्दानी र खर्च व्यवस्थापनमा दबाब रहेका बेला जनताको करबाट संकलित रकम महँगो गाडी खरिदमा खर्च गर्न लागिएको भन्दै यस निर्णयमाथि प्रश्न उठाइएको छ। समाजसेवी तथा इञ्जिनियर धनकिशोर साहले आर्थिक अवस्था कमजोर रहेका बेला करोडौँ रुपैयाँ सवारीसाधनमा खर्च गर्नु गैरजिम्मेवार निर्णय भएको बताए। उनले भने, 'अर्थतन्त्र तरल अवस्थामा रहेका बेला पाँच करोड रुपैयाँ गाडीमा खर्च गर्नु कुनै पनि हिसाबले उचित हुँदैन। सरकारले तत्काल खरिद प्रक्रिया रोक्नुपर्छ।'

यता श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवले भने चालु आर्थिक वर्षको बजेटमै अति विशिष्ट अतिथिका लागि सवारीसाधन खरिद गर्न रकम विनियोजन भएकाले प्रक्रिया अघि बढाइएको जानकारी दिए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खरिद प्रक्रिया अघि बढाउन पत्र प्राप्त भएपछि मन्त्रालयले बोलपत्र आह्वान गरेको उनको भनाइ छ।

आर्थिक संकटमा मितव्ययिताको प्रश्न उठिरहेका बेला करोडौँको गाडी खरिदमा प्रदेश सरकारको प्राथमिकता र औचित्यमाथि भने गम्भीर प्रश्न खडा भएको छ।

सप्तरीका बस्तीमा पस्यो कोशीको बाढी, पाँच सय घर प्रभावित



धीरेन्द्रप्रसाद साह

राजविराज, ११ असोज। सप्तकोशी नदीमा आएको बाढी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका कोशी तटीय बस्तीमा पस्दा करिब पाँच सय घर परिवार प्रभावित भएका छन्। आइतबार बिहानसम्म नगरपालिकाका चार वटा वडाका बस्तीमा बाढी पसेको नगरप्रमुख वीरेन्द्र माझीले जानकारी दिनुभयो।

उहाँका अनुसार कोशी नदीको पश्चिमी तटीय क्षेत्रअन्तर्गत हनुमाननगर कंकालिनी नगरपालिका-५, ७, १२ र १३ का बासिन्दा बाढीबाट धेरै प्रभावित भएका छन्। कोशी नदीको बिच भागमा रहेको वडा नं.१३ गोबरगाढा बस्ती पूर्ण रूपमा डुबानमा परेको नगरप्रमुख माझीले बताउनुभयो।

घर, आँगन र बस्तीमा पानी पसेपछि प्रभावित परिवारलाई सुरक्षित तथा अग्लो स्थानमा पाल टाँगेर राखिएको छ। बाढीका कारण घरमा बाढी पसेपछि नगरपालिकाले शनिबारदेखि प्रभावित परिवारका लागि निःशुल्क खाना खुवाउन मेसको व्यवस्था गरिएको छ। शनिबार मात्रै करिब एक हजार जनाले उक्त मेसबाट खाना खाएका थिए। आइतबार पनि मेस सञ्चालनमा रहेको नगरप्रमुख माझीले बताउनुभयो।

बाढीका कारण वडा नं. ७ मा दुई र वडा नं. १२ मा दुई गरी चार परिवारको घर भत्किएको नगरपालिकाले जनाएको छ। घर भत्किएपछि प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। यसैगरी सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ मा समेत सप्तकोशी नदीको बाढी पसेको छ।

जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार उक्त वडाका करिब १५ घरपरिवार प्रभावित भएका छन्। उनीहरू छिमेकीको घरमा आश्रय लिएर बसेका छन्। प्रमुख जिल्ला अधिकारी थापाका अनुसार सप्तकोशी नदीको बहाव निरन्तर घट्दै गएको छ। आइतबार बिहान नदीमा दुई लाख ३४ हजार क्युसेकभन्दा बढी पानीको बहाव मापन गरिएको थियो। कोशी ब्यारेजका २८ वटा ढोका खुला राखिएका छन्।

पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु, चार जनाको उद्धार

जनकपुरधाम, ११ असोज। धनुषाको मिथिला नगरपालिकामा पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु भएको छ भने परिवारका अन्य चार जनाको सकुशल उद्धार गरिएको छ। आइतबार बिहान सवा ९ बजे मिथिला नगरपालिका-११ आँपगाछीमा राजन श्रेष्ठको एकतले टालीको छानो भएको घर पहिरोले



पुरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घर पुरिएको सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय ढल्केवर र इलाका प्रहरी कार्यालय भिमान, सिन्धुलीको संयुक्त टोली घटनास्थलमा पुगेको थियो। घरमा रहेका पाँच जनामध्ये चार जनालाई सकुशल उद्धार गरिएको प्रहरी प्रवक्ता ओमप्रकाश खनालले जानकारी दिए। खोज तथा उद्धारका क्रममा बिहान ११ बजे राजनकी श्रीमती ३५ वर्षीया कमला श्रेष्ठलाई मृत अवस्थामा फेला पारिएको थियो। उनको शव सरकारी अस्पताल बर्दिबास, महोत्तरी पठाइएको प्रहरीले जनाएको छ। मधेश प्रदेशमा पछिल्लो दुई दिनदेखि लगातार वर्षा भइरहेको भए पनि आइतबार दिउँसो १२ बजेपछि मौसम सामान्य भएको प्रहरीले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)